# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-२, अंक-१, आ.व.२०८१/८२ २०८२ बैशाख

## सारांश


कोशी प्रदेश सरकारको चालु आ.व.२०८१/८२ को **बैशाख मसान्तसम्मको** समग्र आय-व्ययको विवरण समावेश गरी यो अंकको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ को बैशाख महिनासम्म प्रदेशको कुल खर्चमा ५.३ प्रतिशतले वृद्धि भएको छ। राजस्व सङ्कलनमा १४.४ प्रतिशतले वृद्धि भएको छ, भने संघबाट प्रदेशलाई प्राप्त हुने अनुदानमा कमी भएको छ।

## कोशी प्रदेशको सरकारी खर्च

१. चालु आ.व.२०८१/८२ को **बैशाख महिनासम्म** वार्षिक विनियोजनको तुलनामा कुल खर्च, चालु खर्च र पूँजीगत खर्चको प्रगति प्रतिशत देहाय अनुसार रहेको छः-

| कुल खर्च | चालु खर्च | पूँजीगत खर्च |
|---|---|---|
| ४७.४% | ५१.३% | ३९.३% |

चार्ट (क)- तीन आर्थिक वर्षको बैशाख मसान्तसम्मको खर्चको अवस्था (रकम रु.लाखमा)




*स्रोत:-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

२. आर्थिक वर्ष २०८१/८२ को बैशाख महिनासम्म जम्मा रु.१६ अर्ब ७२ करोड १८ लाख खर्च भएको छ। कुल खर्च मध्ये पूँजीगत खर्च रु.६ अर्ब ८१ करोड ८७ लाख र चालु खर्च रु.६ अर्ब ६९ करोड २४ लाख रहेको छ।

**तालिका (क)- पछिल्लो तीनवर्षको बैशाख महिनासम्मको खर्चको तुलनात्मक स्थिति (रु.लाखमा)**

| बजेट शीर्षक | आ.व.२०७९/८० | | | आ.व.२०८०/८१ | | | चालु आ.व.२०८१/८२ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | प्रगति | विनियोजन | खर्च | प्रगति | विनियोजन | खर्च | प्रगति |
| चालु खर्च | १२८८४५ | ६६९४९ | ५२.२% | १२७२२५ | ६१३५९ | ४८.२% | १३०४५६ | ६६९२४ | ५१.३% |
| पूँजीगत खर्च | २३०७८९ | ९८०९२ | ४२.५% | २०४१२१ | ७४७८० | ३६.६% | १७३५८३ | ६८१८७ | ३९.३% |
| स्थानीय तह अनुदान | ३८८८४ | २४९६६ | ६४.२% | ३६७४५ | २२६६४ | ६१.७% | ४८५५४ | ३२१०७ | ६६.१% |
| वित्तीय व्य. | ० | ० | - | १०० | ० | - | २०० | ० | - |
| **कुल जम्मा** | **३९८००९** | **१९०००७** | ४७.७% | **३६८१९१** | **१५८८०३** | **४३.१%** | **३५२७९३** | **१६७२१८** | **४७.४%** |

नोटः रकमान्तर तथा संघ सशर्त अनुदान थप भई बैशाख मसान्तसम्म कायम बजेट विनियोजनको रकम उल्लेख गरिएको छ।

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

३. चालु आ.व.२०८१/८२ को बैशाख महिनासम्मको कुल खर्चमध्ये सबैभन्दा बढी असोज महिनामा रु.२ अर्ब २९ करोड ५९ लाख खर्च भएको छ, भने सबै भन्दा कम भदौ महिनामा रु.७७ करोड २ लाख खर्च भएको छ।

**तालिका (ख) आ.व.२०८१/८२ बैशाखसम्मको मासिक खर्चको विवरण (रु.लाखमा)**

| महिना/शीर्षक | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान | मासिक जम्मा | मासिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| **श्रावण** | १३९६४ | १४२ | | १४१०६ | ८.४% |
| **भदौ** | ४०३४ | ३१०० | ५६८ | ७७०२ | ४.६% |
| **असोज** | ७१६५ | ७६८० | ८११४ | २२९५९ | १३.७% |
| **कार्त्तिक** | ९९३८ | २३५० | २१९५ | १४४८३ | ८.७% |
| **मंसीर** | ४५६८ | ४०९२ | २८७५ | ११५३५ | ६.९% |
| **पुष** | ५१७६ | ८२२१ | ३५०० | १६८९७ | १०.१% |
| **माघ** | ४९१५ | ६५१८ | १११३ | १२५४६ | ७.५% |
| **फाल्गुन** | ५७६८ | १३०४९ | ४१२५ | २२९४२ | १३.७% |
| **चैत्र** | ५३९४ | १०९४२ | ५४२४ | २१७६० | १३.०% |
| **बैशाख** | ६००२ | १२०९३ | ४१९३ | २२२८८ | १३.३% |
| **बैशाखसम्मको जम्मा** | **६६९२४** | **६८१८७** | **३२१०७** | **१६७२१८** | **१००.०%** |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

४. अघिल्लो आ.व.को बैशाखसम्मको खर्चको तुलनामा चालु आ.व.२०८१/८२ मा अधिकांश मन्त्रालय/निकायको खर्च रकममा वृद्धि भएको छ। खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय, सामाजिक विकास मन्त्रालय लगायत केही मन्त्रालयको खर्च प्रगति प्रतिशतमा कमी भएको देखिन्छ।


## तालिका (ग) दुई आ.व.को बैशाखसम्मको मन्त्रालयगत खर्चको विवरण (रु.लाखमा)

| मन्त्रालय/निकाय | आ.व.२०८०/८१ | | | चालु आ.व.२०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | प्रगति | विनियोजन | खर्च | प्रगति |
| प्रदेश सभा सचिवालय | २५२४ | १५८१ | ६२.६% | २४५८ | १५२१ | ६१.९% |
| प्रदेश लोक सेवा आयोग | ८८० | ६४० | ७२.७% | ११३७ | ९०२ | ७९.३% |
| मुख्यन्यायाधिवक्ताको कार्यालय | २४० | १४१ | ५८.८% | २१३ | १५० | ७०.४% |
| मुख्यमन्त्री तथा म.प.को कार्यालय | ५८४९ | १०७५ | १८.४% | ३८२३ | १५०४ | ३९.३% |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | २१८७० | १५९५२ | ७२.९% | ३५३२५ | २०५२४ | ५८.१% |
| उद्योग, कृषि तथा सहकारी मन्त्रालय | २२२५३ | ७६९४ | ३४.६% | १७१३९ | ७५६४ | ४४.१% |
| खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ५६२१७ | २८७४४ | ५१.१% | ४३४१५ | २०३०१ | ४६.८% |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | ८५०३ | ३०९८ | ३६.४% | १३३२० | ६५८० | ४९.४% |
| पर्यटन, वन तथा वातावरण मन्त्रालय | २६७९६ | ९०२२ | ३३.७% | २३८२२ | १०६५७ | ४४.७% |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | १२६४९९ | ४४९७८ | ३५.६% | १०६९५१ | ४२९७० | ४०.२% |
| सामाजिक विकास मन्त्रालय | १४७४५ | ८२२३ | ५५.८% | १२७०४ | ६७०७ | ५२.८% |
| स्वास्थ्य मन्त्रालय | ३३०९३ | १४८५४ | ४४.९% | ३४६३५ | १५५०१ | ४४.८% |
| प्रदेश योजना आयोग | ४५३ | १३७ | ३०.२% | ५१८ | २३० | ४४.४% |
| अर्थ विविध | ११५२४ | ० | - | ८७७९ | ० | - |
| स्थानीय तह अनुदान | ३६७४५ | २२६६४ | ६१.७% | ४८५५४ | ३२१०७ | ६६.१% |
| **जम्मा** | **३६८१९१** | **१५८८०३** | ४३.१% | **३५२७९३** | **१६७२१८** | ४७.४% |

नोटः रकमान्तर तथा संघ सशर्त अनुदान थप भई बैशाख मसान्तसम्म कायम बजेट विनियोजनको रकम उल्लेख गरिएको छ।

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

## चार्ट (ख)- दुई आ.व.को बैशाखसम्मको मन्त्रालयगत खर्च प्रगतिको तुलना (प्रतिशतमा)



## कोशी प्रदेशको राजस्व तथा अनुदान प्राप्ति

५. आ.व.२०८१/८२ बैशाख मसान्तसम्म राजस्व तर्फ रु.१२ अर्ब ४८ करोड ५७ लाख (**वार्षिक लक्ष्यको ७१.८%**), संघ अनुदानको जम्मा रु.१० अर्ब ६५ करोड २० लाख (**वार्षिक लक्ष्यको ७३.२%**) गरी जम्मा रु.२३ अर्ब १३ करोड ७७ लाख रकम प्रदेश सञ्चित कोषमा प्राप्ति भएको छ।

**तालिका (घ)- तीन आ.व.को (बैशाख सम्मको) राजस्व तथा अनुदान प्राप्तिको विवरण (रु.लाखमा)**

| आय शीर्षक | २०७९/८० बैशाखसम्म | २०८०/८१ बैशाखसम्म | चालु आ.व.२०८१/८२ | | | गत आ.व.को तुलनामा वृद्धि |
|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | बैशाखसम्म प्राप्ति | प्रतिशत | |
| संघीय राजस्व बाँडफाँट | ६२०३९ | ७८८५१ | १२४००८ | ८७२५९ | ७०.४% | १०.७% |
| प्रदेशको आन्तरिक राजस्व | २९४२९ | ३०३२५ | ४९८०० | ३७५९८ | ७५.५% | २४.०% |
| संघ वित्तीय समानीकरण अनुदान | ७८८२२ | ६५०९७ | ८९४३२ | ६३५६८ | ७१.१% | -२.३% |
| सशर्त अनुदान | ६२५३७ | ४०१३५ | ४१६४३ | ३४०५१ | ८१.८% | -१५.२% |
| समपूरक अनुदान | ९२०० | ७३०० | ६५५० | ४३२३ | ६६.०% | -४०.८% |
| विशेष अनुदान | ४७५० | ७६०० | ७८०१ | ४५७८ | ५८.७% | -३९.८% |
| **जम्मा** | **२४६७७७** | **२२९३०८** | **३१९२३४** | **२३१३७७** | **७२.५%** | **०.९%** |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

पुनश्चः नगद मौज्दात रु.३ अर्ब २५ करोड र वैदेशिक अनुदानको सोझै भुक्तानी रु.१० करोड ५९ लाख समेत गरी चालु आ.व.२०८१/८२ को कुल बजेट रु.३५ अर्ब २७ करोड ९३ लाख रहेको छ।

६. प्रदेशका निकायबाट सङ्कलन हुने र स्थानीय तहबाट बाँडफाट भई प्राप्त हुने समेत २०८२ बैशाख मसान्तसम्म प्रदेशको आन्तरिक राजस्व सङ्कलनको विवरण देहाय अनुसार रहेको छः-

**तालिका (ङ)- आ.व.२०८१/८२ को बैशाखसम्म आन्तरिक राजस्व सङ्कलनको मासिक विवरण (रु.लाखमा)**

| महिना/ शीर्षक | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | अनुमतिपत्र, यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/निकासा फिर्ता, बेरुजु | *स्थानीय तहबाट प्राप्त | शुल्क/दस्तुर/ जरिवाना | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण | | | ५३९ | ९२ | ३२ | ७ | १६५ | ८३५ |
| भदौ | ११०७ | ४७ | ५१८ | १०२ | ४६ | १६ | १८५ | २०२१ |
| असोज | १०७१ | २४१९ | ४३२ | ६३ | २३९ | ५६ | १६२ | ४४४२ |
| कात्तिक | १०१८ | २८० | ४८९ | ३९ | १६६२ | २८ | ३०४ | ३८२० |
| मंसिर | १८९० | ४६१ | ५६९ | ७७ | ३८९ | २५७ | ३१२ | ३९५५ |
| पुष | १४५० | ८२१ | ६०६ | ७८ | ३०० | ५८० | ६६५ | ४५०० |
| माघ | १५५८ | १२४६ | ५७९ | ६३ | ८२४ | ४३४ | २९२ | ४९९६ |
| फाल्गुन | १२१० | ३ | ५५० | ७१ | २४३ | ५८ | ६७३ | २८०८ |
| चैत्र | ११९७ | ३०९२ | ११९२ | १५५ | १८१ | ६०३ | ४३५ | ६८५५ |
| बैशाख | २५९८ | ४८० | ६४० | ५० | ३८ | २९६ | ९९ | ४२०१ |
| **बैशाख सम्मको जम्मा** | **१३०९९** | **८८४९** | **५५७५** | **६९८** | **३९२२** | **२३२८** | **३१२७** | **३७५९८** |
| **वार्षिक लक्ष्य** | **१४१००** | **१४५००** | **९५००** | **९००** | **४९९०** | **३०७०** | **२७४०** | **४९८००** |
| चालु आ.व. बैशाख सम्मको प्रगति | ९२.९% | ६१.०% | ५८.७% | ७७.६% | ७८.६% | ७५.८% | ११४.१% | **७५.५%** |
| गत आ.व. बैशाख सम्मको प्राप्ति | ११७३८ | ७२०४ | ५००९ | ६७४ | २६६७ | १०५८ | १९७५ | **३०३२५** |
| **वृद्धि प्रतिशत** | ११.६% | २२.८% | ११.३% | ३.६% | ४७.१% | १२०.०% | ५८.३% | **२४.०%** |


(*स्थानीय तहबाट प्राप्त राजस्वमा प्राकृतिक स्रोत विक्री शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

७. गत आ.व. बैशाखसम्मको तुलनामा चालु आ.व.२०८१/८२ को बैशाखसम्म प्रदेशको आन्तरिक राजस्वमा २४ प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा सवारी साधन कर लक्ष्यको ९२.९ प्रतिशत संकलन भएको छ भने अघिल्लो वर्षको सोही अवधिको तुलनामा ११.६ प्रतिशतले वृद्धि भएको छ। यसैगरी स्थानीय तहबाट सङ्कलन भई प्रदेशलाई ४० प्रतिशत प्राप्त हुने ढुङ्गा, गिट्टी, वालुवा (प्राकृतिक स्रोत) विक्री शुल्क समेतको राजस्वमा १२० प्रतिशतले वृद्धि भएको छ।

**चार्ट (ग)- दुई आर्थिक वर्षको बैशाख महिनासम्मको आन्तरिक राजस्व सङ्कलनको अवस्था**

(रकम रु.लाखमा)




(*स्थानीय तहबाट प्राप्त राजस्वमा प्राकृतिक स्रोत विक्री शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

सम्पादन तथा प्रकाशन

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

(वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक महाशाखा)

कोशी प्रदेश, विराटनगर